## लमजुङ्ग तथा दोलखामा IFC सँगको सहकार्यमा आयोजना प्रभावित क्षेत्र तथा स्थानीय बासिन्दाहरुलाई धितोपत्र बजार सम्बन्धी प्रशिक्षण कार्यक्रम सम्पन्न ।

**प्रदेश नं ४ को लमजुङ्गमा कार्यक्रमः**

नेपाल धितोपत्र बोर्ड तथा World Bank Group अर्न्तगतको International Finance Corporation (IFC) सँगको सहकार्यमा यही मिति २०७५ पुष १ र २ मा लमजुङ्गमा स्थानीय निकायका प्रतिनिधि, व्यवसायी, लगानीकर्ता, पत्रकार, विद्यार्थी तथा सर्वसाधारणहरु समेत गरी करिव ८० जनाको सहभागितामा लगानीकर्ता प्रशिक्षण कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा विशेष अतिथि जिल्ला समन्वय समितिका संयोजक श्री लोकराज पाण्डेले छरिएर रहेको पूँजीलाई एकत्रित गरी परिचालन गर्न सकिएमा देश विकासका लागि सहयोगी हुने र लगानीकर्ताले धितोपत्र बजारमा लगानी गर्दा यस सम्बन्धी जानकारी लिई लगानीसम्बन्धी निर्णय लिन उपयुक्त हुने विचार व्यक्त गर्नुभयो ।

कार्यक्रमका सहभागीहरुबाट लमजुङ्ग जिल्लामा धेरै हाइड्रोपावर आयोजनाहरु रहेकोमा सबै आयोजनाहरुले स्थानीय बासिन्दालाई शेयर वितरण नगरेकोले सो सम्बन्धी व्यवस्था, नेप्से परिसूचक घटबढ हुनुका कारण रकारोबार शुल्क सम्बन्धमा राखिएका जिज्ञासाहरुको सम्बोधन गरिएको थियो ।

उक्त कार्यक्रममा IFC का तर्फबाट हाइड्रो एडभाइजारी रहनु भएकी श्री सोफिया खातुन तमोटले स्थानीय शेयरसम्बन्धी अध्ययनको सारांश प्रतिवेदन सम्बन्धी प्रस्तुति गर्नुभएको थियो । बोर्डका निर्देशक श्री नारायण प्रसाद शर्माले सार्वजनिक निष्काशन, प्रभावित क्षेत्रका बासिन्दाका लागि शेयर बिक्री वितरण सम्बन्धी कानूनी प्रावधान, धितोपत्र बजारमा लगानी गर्नु अघि ध्यान दिनुपर्ने विषयहरु तथा शेयरहोल्डरको हकहित रक्षा सम्बन्धी व्यवस्थासहितको कार्यपत्र प्रस्तुत गर्नुभएको उक्त कार्यक्रम बोर्डका सहायक निर्देशक श्री रेवत श्रेष्ठले संचालन गर्नुभएको थियो ।

**प्रदेश नं. ३, को दोलखामा कार्यक्रमः**

त्यसैगरी बोर्ड र IFC को संयुक्त आयोजनामा यही मिति २०७५ पुस ६ र ७ मा दोलखामा धितोपत्र बजार सम्बन्धी लगानीकर्ता प्रशिक्षण कार्यक्रम सम्पन्न गरिएको छ । कार्यक्रममा जिल्ला समन्वय समितिका संयोजक श्री प्रवल पाण्डे सहित विभिन्न गाउँपालिकाका अध्यक्ष तथा उपाध्यक्ष, विभिन्न गाउँपालिकाका वडाध्यक्ष,उद्योग वाणिज्य संघका प्रतिधिनि तथा स्थानीय व्यवसायी, पत्रकार तथा विधार्थी गरी करिब ९० जनाको सहभागिता रहेको थियो ।

कार्यक्रमका विशेष अतिथि जिल्ला समन्वय समितिका संयोजक श्री प्रबल पाण्डेले दोलखा जिल्ला बासीले विभिन्न जलविधुत कम्पनीहरुको शेयर पाएकोमा खुशी व्यक्त गर्दै शेयरको माध्यमबाट जनताको जीवनस्तर उकासिनुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रमका सहभागीहरुले जलविधुत कम्पनीको शेयर प्राप्त गरेकोले उनीहरुको हित रक्षाका लागि त्यस्ता कम्पनीहरुको नियमनमा बोर्डले जोड दिनुपर्ने र चरिकोटमा शेयरको जानकारी दिने कार्यक्रमलाई निरन्तर रुपमा संचालन गर्नुपर्ने भनाई राख्नुभएको थियो । सो क्रममा सहभागी स्थानीयबासीहरुले शेयर सम्बन्धी कार्यक्रमबाट लाभान्वित भएकोमा आयोजकलाई धन्यवाद दिनुका साथै आफुहरुले कम्पनीको कम शेयर प्राप्त भएको कारणबाट  कम उत्साहित भएको तथा उक्त शेयर बेच्न अझै तीन वर्ष कुर्नु पर्ने भएकोले लगानीबाट समयमा उचित प्रतिफल लिन सक्ने अवस्था नरहेको जस्ता धारणा राख्नुभएको थियो ।

उक्त कार्यक्रममा IFC का तर्फबाट हाइड्रो एडभाइजारी रहनुभएकी श्री सोफिया खातुन तमोटले स्थानीय शेयरसम्बन्धी अध्ययनको सारांश प्रतिवेदन सम्बन्धी प्रस्तुति गर्नुभएको थियो । बोर्डका निर्देशक श्री अम्बिका प्रसाद गिरीले धितोपत्र बजार, सार्वजनिक निष्काशन, शेयर बजारमा लगानी गर्दा ध्यान दिनुपर्ने कुराहरु तथा आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुलाई शेयर बिक्री सम्बन्धमा रहेको कानूनी व्यवस्था समेटिएको कार्यपत्र प्रस्तुत गर्नुभएको सो कार्यक्रम बोर्डका का.मु. निर्देशक श्री अनुज कुमार रिमालले संचालन गर्नुभएको थियो ।

**पुस १०, २०७५**